# दमक नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
दमक, झापा

## दमक नगरपालिकाबाट उत्पादन हुने दैनिक फोहोरमैलाबाट ऊर्जा परियोजना सञ्चालन गर्नको लागि योग्य आवेदक (लगानीकर्ता) छनौट गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०७५/०७/०९

१) नेपाल सरकारले विश्व बैंकबाट Scaling Up Renewable Energy Program (SREP): Extended Biogas Project को लागि अनुदान प्राप्त गरेको र सो को केही अंश दमक नगरपालिका भित्र उत्पादन हुने फोहरलाई व्यवस्थित गरी ऊर्जा उत्पादन गर्ने कार्यका लागि अनुदान स्वरुप खर्च गर्न चाहेको हुँदा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रसँगको सहकार्यमा विश्व बैंकबाट स्वीकृत विधि एवं प्रक्रिया बमोजिम देशका सम्पूर्ण योग्य लगानिकर्ताहरुको लागि यस नगरपालिकाबाट योग्यता सम्बन्धि यो सूचना आह्वान गरिएको छ ।

२) प्रदेश नं. १ अन्तर्गतको दमक नगरपालिका जहाँ बाक्लो बस्ती र व्यापारिक गतिविधिहरु मौजुदा रहेकोछ । यहाँबाट दैनिक रुपमा उल्लेखनिय परिमाणमा बिभिन्न प्रकारको फोहोर उत्पादन भैरहेको छ । फोहरमैला व्यवस्थापन ऐन, २०६८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले नगरपालिकालाई यस्तो फोहोरको व्यवस्थापन गर्ने अधिकार दिएको छ, तदनुसार यस नगरपालिकाले नगर क्षेत्रमा उत्पादीत फोहोरबाट ऊर्जा उत्पादन गर्ने लक्ष्य लिई वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रसँग सहकार्य गरेको छ ।

३) यस प्रक्रियामा सहभागी हुन इच्छुक आवेदकहरुले दमक नगर कार्यपालिकाको कार्यालय दमक, झापा वा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, खुमलटार, ललितपुरबाट लिखित निवेदन पेश गरी योग्यता सम्बन्धि कागजातहरु प्राप्त गर्न सक्नेछन् । निवेदनको साथमा कम्पनी/फर्म दर्ताको प्रमाणपत्र, स्थायी लेखानम्बर र मुल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्रहरुको प्रतिलिपि पेश गर्नुपर्नेछ । योग्यता सम्बन्धी कागजातहरु यो सूचना प्रकाशित भएको मितिले ३० औं दिनको १२ बजे सम्म नगरपालिका कार्यालय वा केन्द्रबाट रु १ हजारमा खरिद गर्नु पर्नेछ ।

४) यस कार्यको पूर्व बोलपत्र वैठक मिति २०७५/०७/२९ का दिन दिनको २ बजे दमक नगर कार्यपालिकाको कार्यालयमा हुनेछ ।

५) योग्यता सम्बन्धी आवेदन तथा कागजातहरु शिलबन्दी रुपमा मिति २०७५/०८/०९ का दिन दिनको १२ बजे भित्र दमक नगर कार्यपालिकाको कार्यालयमा बुझाउनु पर्नेछ । ढिलो गरी प्राप्त कागजातहरु उपर कुनै कारवाही गरिने छैन ।

६) शिलबन्दी गरिएका कागजातहरु उपस्थित आवेदकहरुको रोहबरमा मिति २०७५/०८/०९ का दिन दिनको २ बजे नगरपालिका कार्यालयमा खोलिनेछ । आवेदकहरु उपस्थित नभएमा पनि शिलवन्दी कागजात खोल्न कुनै वाधा पर्ने छैन । योग्यताका कागजातहरु खोलिएको दिन देखि गणना हुने गरी कम्तिमा ९० दिन सम्मको लागि मान्य हुनेछन् ।

७) योग्यता सम्वन्धी कागजातहरु पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिन सोही समय कायम हुनेछ ।

८) कुनै वा सबै योग्यताका कागजातहरु स्वीकार गर्ने वा नगर्ने सम्पूर्ण अधिकार नगरपालिका कार्यालयमा रहनेछ ।

९) यस सम्बन्धि थप जानकारी नगरपालिका कार्यालय वा केन्द्रको निम्न उल्लेखित ठेगानामा सम्पर्क गरी प्राप्त गर्न सकिनेछ । योग्यता सम्बन्धि मूल्यांकनका आधारहरु योग्यता सम्बन्धी कागजातमा स्पष्ट उल्लेख गरिएको छ ।

१०. दमक नगरपालिकाले नगरक्षेत्रमा उत्पादन हुने जैविक फोहरबाट ऊर्जा (बायोग्यास) परियोजना, ज्वलनशील फोहरबाट Incineration plant तथा अन्य अजैविक फोहोरलाई एकीकृत फोहरमैला व्यवस्थापन प्रणालीको अवधारणा अनुसार व्यवस्थापन गर्ने गरी लगानीकर्ता छनौट गर्न लागेको हो । हाल विस्तृत परियोजना प्रतिवेदन (प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन सहित) तयार भइरहेकोले छनौट हुने लगानीकर्ताले सो विस्तृत परियोजना प्रतिवेदन तथा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन बमोजिम सम्झौता गरी कार्य अघि बढाउनु पर्ने हुन्छ ।

११. लगानीकर्ताको तर्फबाट यदि विस्तृत परियोजना प्रतिवेदनमा परिमार्जन गर्नुपर्ने आवश्यक देखिएमा विस्तृत परियोजना प्रतिवेदन प्राप्त भएको मितिले १५ दिनभित्र अवश्यक परिमार्जन सहित केन्द्रको प्राविधिक मूल्यांकन समिति समक्ष पेश गर्नु पर्नेछ ।

१२. यस प्रस्ताव सम्वन्धि आवेदन फाराम दमक नगरपालिका र वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र खुमलटार काठमाडौंबाट समेत खरीद गर्न सकिनेछ । तर प्रस्ताव सम्वन्धी आवेदन दर्ता दमक नगर कार्यपालिकाको कार्यालयमा मात्र गर्न सकिने छ ।

**दमक नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, दमक, झापा**

**फोन नं :** ०२३-५८०१३७, **इमेल** : info@damakmun.gov.np, **वेवसाइट** : www.damakmun.gov.np

Scanned by CamScanner